## लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड

## आ. व. २०७३/७४ को साधारण सभामा

## संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन

**आदरणिय शेयरधनी महानुभावहरु,**

सर्वप्रथम यस कम्पनीको आ.व. २०७३/७४ को वार्षिक साधारण सभामा उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मेरो व्यक्तिगत तथा कम्पनीको संचालक समितिको तर्फबाट हार्दिक स्वागत गर्न चाहान्छु ।

लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडको गत आ.व. २०७३/७४ मा भएका गतिविधिहरु शेयरधनी महानुभावहरु समक्ष राख्न चाहान्छु ।

**साङ्जे विद्युत कम्पनी लिमिटेड :**

लमजुङ्ग विद्युत विकास कम्पनीको ६०.४२% स्वामित्व रहेको साङ्जे विद्युत कम्पनी लिमिटेडको १८३ कि.वा. क्षमताको साङ्जे जलविद्युत आयोजना, २०५८ साल देखि सन्तोषजनक रुपमा संचालन भइरहेको छ । यस साङ्जे जलविद्युत आयोजनाले यस आ.व. २०७३/७४ मा **१०,२४,५४२ kWh** विद्युत विक्रि गरी **रु. ४३,२०,५२४.२४/- (अक्षरुपी त्रिचालिस लाख बीस हजार पाँच सय चौबीस रुपैंया चौबीस पैसा मात्र)** आम्दानी गरेको छ ।

**राधी विद्युत कम्पनी लिमिटेड :**

सहायक कम्पनी राधी विद्युत कम्पनीको स्वामित्वको ४,४०० कि.वा. क्षमताको राधी साना जलविद्युत आयोजना लक्षित समयावधिमा नै सम्पूर्ण निर्माण कार्य सम्पन्न भई मिति २०७१/०२/३१ देखि उत्साहजनक रुपमा व्यापारिक उत्पादन गर्दै आएको छ ।

राधी साना जलविद्युत आयोजनाले आ.व. २०७३/७४ मा **२,२७,१५,९८० kWh** विद्युत उत्पादन गरेको छ जुन बिक्री गर्नु पर्ने विद्युतको **८६.४८%** हुन आउँछ । राधी साना जलविद्युत आयोजनाले लिएको **रु. ४४,००,००,०००/- (अक्षरुपी चौवालीस करोड मात्र)** ऋण मध्ये २०७४ आश्विन मसान्त सम्म **रु. ७,०५,००,०००.०० (अक्षरुपी सात करोड पाँच लाख मात्र)** चुक्ता भइसकेको जानकारी गराउन चाहन्छु । लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडले राधी विद्युत कम्पनीमा **रु. १९,५२,५१,३००/- (अक्षरुपी उन्नाइस करोड बाउन्न लाख एकाउन्न हजार तीन सय मात्र)** (बोनस शेयर समेत) लगानी गरिसकेको छ । राधी विद्युत कम्पनीले प्रचलित ऐन बमोजिम सार्वजनिक शेयर निष्काशन गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड मा कम्पनीको शेयरको कारोबार शुरु गरिसकेको जानकारी गराउँदछु ।

**दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड :**

विद्युत विकास विभागबाट दोर्दी १ जलविद्युत आयोजनाको विद्युत उत्पादनको अनुमति पत्र प्राप्त भई विद्युत खरिद-बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरण सँग सम्पन्न भइसकेको छ । विद्युत खरिद-बिक्री सम्झौता अनुसार यो आयोजनाबाट २०७६/०८/१६ गते देखि विद्युत उत्पादन शुरु हुनु पर्नेछ । यसका लागी आवश्यक कार्यहरु अगाडि बढाइएको छ । सानिमा बैंक लिमिटेडले नेतृत्व गरेको consortium सँग दोर्दी-१ जलविद्युत आयोजनाको ऋण सम्झौता सम्पन्न भइसकेको जानकारी गराउन चाहन्छु । २०७४ साल मंसिर मा यस आयोजनाको सुरुङ्गको Contract को सम्झौता गरिएको छ । दोर्दी-१ जलविद्युत आयोजनाको क्षमता बृद्धि गरी १२ मे.वा. उत्पादन गर्ने लक्ष्य अनुरुप नेपाल सरकार विद्युत विकास विभागबाट १२ मे.वा. को लागि सहमति प्राप्त भइसकेको छ । हाल थप गरिएको १.७ मे.वा. को लागि नेपाल विद्युत प्राधिकरण सँग विद्युत खरिद बिक्री सम्झौताको आवश्यक प्रक्रिया अगाडि बढाई सकिएको छ ।

LAMJUNG ELECTRICITY DEVELOPMENT COMPANY LTD. LEDCO ESTD. 1994

Anil K. Rungta

**अन्य जलविद्युत आयोजनामा लगानी :**
यस कम्पनीले अध्ययन गरी प्रवर्धन गरेको न्यादी जलविद्युत आयोजनामा **रु. १,३३,४४,०००/- (अक्षरुपी एक करोड तेत्तिस लाख चौवालिस हजार मात्र)** लगानी भई शेयर प्रमाण पत्र प्राप्त भईसकेको छ । यो आयोजना निर्माणको चरणमा रहेको छ ।

**व्यवस्थापन :**
कम्पनीमा हाल, एक जना सहायक प्रबन्धक, एक जना अधिकृत र एक जना सहायक गरी जम्मा तीन जना कर्मचारीहरु कार्यरत छन् ।

**आर्थिक प्रतिवेदनका सूचांकहरु :**
अघिल्लो आ.व. सँग तुलना गरिएका वित्तिय सूचाकंहरु तल प्रस्तुत गरिएको छ ।

| आर्थिक बर्ष | आ. व. २०७१/७२ | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ |
|---|---|---|---|
| आम्दानी (रु.) | १,३९,७९,०८० | ३,२५,०९,९२० | ३,०४,२९,७६१ |
| खर्च (रु.) | (२४,३७,४००) | (४७,४५,४५५) | (४२,८३,४७५) |
| नाफा (कर पछिको) (रु.) | ८७,९४,९६० | २,२०,७१,४८९ | २,२२,९२,४९७ |
| संचित नाफा/ नोक्सान (रु.) | ३१,४८,३३४ | २,२१,७४,४३९ | ३,९६,७६,६२० |

आ.व. २०७३/७४ को वासलात, नाफा नोक्सान तथा अन्य आर्थिक विवरणहरु यहाँहरुलाई उपलब्ध गराइसकिएकै छ र यो सभामा पनि पेश गरिएको छ । उक्त आर्थिक विवरणहरु छलफल गरि अनुमोदन गरिदिनु अनुरोध गर्दछु ।

**आगामी कार्यक्रमहरु :**
राधी साना जलविद्युत आयोजना सफलतापूर्वक सम्पन्न गरिसकिएकोले लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडले आगामी वर्षहरुमा दोर्दी-१ जलविद्युत आयोजनाको सफल कार्यान्वयनमा जोड दिनेछ । राधी साना जलविद्युत् आयोजनाको निमार्णमा प्राप्त अनुभव र ज्ञानले दोर्दी-१ जल विद्युत आयोजनाको निर्माण व्यवस्थापनमा सहयोग पुग्ने छ । साथै कम्पनीले रुकुम जिल्ला स्थित ५ मे.वा. को रुकुम गाड जलविद्युत आयोजनामा पनि लगानी गर्ने योजना राखेको छ । कम्पनीले संखुवासभा स्थित ४५ मे.वा. को कसुवा खोला जलविद्युत आयोजनामा लगानी गर्ने लक्ष्य राखेको छ ।
आगामी वर्षहरुमा संचालन खर्च न्यून पारी तथा आय आर्जनका अन्य श्रोतहरु पनि परिचालन गरी नाफा बढाउने प्रयास गर्नेछौं ।

अन्तमा कम्पनीको शेयरधनी महानुभावहरु साधारण सभामा सक्रिय सहभागी भई यहाँहरुले दिनु हुने अमुल्य सुझावहरुलाई मार्ग निर्देशनको रुपमा ग्रहण गर्दै अगाडी बढ्ने प्रतिवद्धताका साथ यहाँहरुको उपस्थिति एवं सहभागीता प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै यस लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडलाई सहयोग गर्नु भएका सरकारी कार्यालयहरु, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, लमजुङ्ग जिल्लाका संघ संस्थाहरु तथा यस कम्पनीका कर्मचारीहरुलाई धन्यवाद दिँदै भविष्यमा पनि सहयोग प्राप्त हुने आशा राखेको छु । लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडेको व्यवस्थापनमा सहयोग पुऱ्याउने सि.ई.डि.बि. हाइड्रो फण्ड लि. र यसका कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**वर्षा श्रेष्ठ**
**अध्यक्ष**

LAMJUNG ELECTRICITY DEVELOPMENT COMPANY LTD.
LEDCO
ESTD. 1994